नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मितिः- २०७२/०१/२१

## प्रेस विज्ञप्ति

आज मिति २०७२/०१/२१ गते मुलुकभर सरकारी, गैरसरकारी तथा निजी क्षेत्रद्वारा मिति २०७२/०१/१२ गते गएको विनाशकारी भूकम्पबाट भएको क्षतिको विवरण संकलन गर्ने र पीडितहरुको उद्धार तथा राहत वितरण गर्ने कार्य जारी रहेको छ । यसै क्रममा नेपाली सेना, निजी क्षेत्र र मित्रराष्ट्र भारतबाट आएका हेलिकप्टरहरुबाट प्रभावित क्षेत्रका रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, धादिङ, गोरखा, सिन्धुपाल्चोक, दोलखा, सोलुखुम्बु जिल्लाहरुमा राहत प्याकेज पुऱ्याउने तथा घाइतेहरुको उद्धार गर्ने कार्य निरन्तर रुपमा भईरहेको छ ।

हालसम्म प्राप्त जानकारी अनुसार मुलुकभर मृतक संख्या सर्वसाधारण- ७२९३ नेपाली सेना-९, नेपाल प्रहरी-५, सशस्त्र प्रहरी - १, निजामती कर्मचारी - ११ र विदेशी - ५७ समेत जम्मा - ७३६६ पुगेको छ । त्यस्तै घाइतेहरुको संख्या नेपाल प्रहरी - १४०, सशस्त्र प्रहरी - २१, विदेशी - ५१ र सर्वसाधारण - १४१५९ समेत जम्मा - १४३७१ जना पुगेको छ । भौतिक क्षतिको विवरण प्राप्त हुने क्रम जारी छ । घाइतेहरुको उपचार नजिकको अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा चिकित्सक र स्वास्थ्यकर्मीहरुबाट भईरहेको छ । आज नेपाली सेनाको - ६५०१६ नेपाल प्रहरी - ४१७७६, सशस्त्र प्रहरी बलको - २४७७५ समेत जम्मा - १३१५६७ जना सुरक्षाकर्मी र हजारौं निजामती कर्मचारीहरुलाई उद्धार तथा राहत कार्यमा परिचालन गरिएको छ ।

विदेशी राष्ट्र तथा संस्थाहरुबाट पीडितहरुका लागि राहत प्राप्त हुने क्रम जारी रहेको छ । आजसम्म भारत, बंगलादेश, म्यानमार, पाकिस्तान, चीन, थाइल्याण्ड, श्रीलंका, इण्डोनेशिया, अजरबैजान, कोरिया, अल्जेरिया, ओमन, स्वीट्जरल्याण्ड, सिंगापुर, जर्मनी, जापान लगायतका मित्रराष्ट्रहरु र विभिन्न देशका संघ संस्थाहरु समेतबाट राहतका वस्तुहरु प्राप्त भएका छन् । जसअनुसार खाध्य पदार्थ अन्तंगत चामल - १२७१ क्वीन्टल, चिनी - ६१ क्वीन्टल, नुन - ६८ क्वीन्टल, चिउरा - १५८० क्वीन्टल, चाउचाउ - ८९०० कार्टुन, विस्कुट - १५०९२ कार्टुन, ड्राई फुड - ४०० कार्टुन, पानी - ४५९०४ कार्टुन, अन्य - ११७५६ थान र गैर खाध्य पदार्थ अन्तंगत टेन्ट - ११४७३५ थान, त्रिपाल - ३४८६१ थान, कम्बल - १४९८४० थान, अन्य - ९४९९ थान रहेका छन् ।

नेपाल सरकार

# गृह मन्त्रालय

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

गृह मन्त्रालयमा राहत वितरण गर्ने सरकारी तथा गैरसरकारी निकायहरु समेतबाट प्राप्त पछिल्लो जानाकारी अनुसार भूकम्प प्रभावित क्षेत्रका जिल्लाहरुमा हालसम्म राहत अन्र्तगत खाध्य पदार्थ चामल - ९८१९१ क्वीन्टल, चिनी - ६९० क्वीन्टल, नुन - ५७३ क्वीन्टल, चाउचाउ १८२०३४ कार्टुन, विस्कुट ५७७७५ कार्टुन, पानी १५७९८ केस, चिउरा - ३२४९ क्वीन्टल, दाल ४५ क्वीन्टल, दालमोट- ९० बोरा र १००० प्याकेट र गैर खाध्य वस्तु त्रिपाल - १५९१३४ थान, सोलार लाईट - ३५२८ थान, कम्बल - ४५२३ थान, लत्ता कपडा ९ बोरा, साबुन - ८५२० थान, पानी शुद्धीकरण गर्ने चक्की - २१३१७२ थान, हाइजिन किर्ट - २६७० सेट लगायत ब्ल्याङ्केट, भाडावर्तन समेत प्राभावित जिल्लाहरुमा पठाइ सकिएको छ । राहत वितरणको लागि प्रभावित जिल्लाहरु र सम्बन्धित निकायहरुमा जम्मा १ अर्ब ७९ करोड ८२ लाख रकम निकासा गरी सकिएको छ । जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय अनुसार उक्त राहत भूकम्प प्रभावित क्षेत्रमा निरन्तर रुपमा वितरण गरिएको छ । स्थानीयस्तरबाट समेत ठूलो परिमाणमा राहत संकलन भई वितरणको कार्य जारी रहेको छ । राहत वितरण कार्यलाई अझ प्रभावकारी बनाउन स्थानीय प्रशासनसँग समन्वय गरी राहत वितरण गर्न गृह मन्त्रालय सम्बद्ध निकायहरुलाई अनुरोध गर्दछ ।

(लक्ष्मीप्रसाद ढकाल)
प्रवक्ता